# ‘अलिखित कथा’ कथाको विनिर्माणमा स्वैरकल्पना

**सीता अधिकारी (थापा), उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान**
adhikari.sitath@gmail.com

**लेखसार**

प्रस्तुत लेख कथाकार राजुबाबु श्रेष्ठ सागरको ‘अलिखित कथा’ (२०८२) मा स्वैरकल्पनाले कथाको विनिर्माण अध्ययनमा केन्द्रित रहेको छ । स्वैरकल्पना कल्पनाको अतिरूप हो र यो मूलतः मनोविज्ञानसम्बद्ध विषय हो भने विनिर्माण उत्तरआधुनिकतासँग सम्बन्धित रहेको छ। उत्तरआधुनिक प्रवृत्तिका कथामा पनि स्वैरकल्पनाको प्रयोग गरिने भएकाले यस कथालाई विनिर्माणिक प्रवृत्तिको बनाउन कथामा प्रयुक्त स्वैरकल्पनालाई आधार मानेर अध्ययन गरिएको छ। मूलतः साहित्यका अन्तर्वस्तुका रूपमा अतिप्राकृतिक घटना र पात्रसँग सम्बन्धित कल्पना विषयका प्रविष्टिलाई स्वैरकल्पना भनिन्छ । स्वैरकल्पनाको मान्यताअनुसार कथानक, सारवस्तु वा परिवेशको मूल तत्त्व बनेर अलौकिकता, कल्पना, जादू आएका हुन्छन् । यस लेखमा कथाभित्र प्रस्तुत भएका स्वैरकाल्पनिक सन्दर्भहरूको खोजी गरी तिनको विश्लेषण गरिएको छ । यसमा स्वैरकाल्पनिक सन्दर्भको प्रयोग केकसरी गरिएको छ र त्यसले विनिर्माणमा खेलेको भूमिकाको मूल प्रश्नमा रही अध्ययनलाई अघि बढाइएको छ । कथामा प्रस्तुत स्वैरकाल्पनिकतालाई विनिर्माणका आधारमा विश्लेषण गर्नु अध्ययनको मुख्य उद्देश्य रहेको छ । त्यसैले कथामा स्वैरकल्पना प्रयोग खोजी गरी तिनको पहिचान एवं विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यस लेखमा पाठविश्लेषण विधिको प्रयोग गर्दै विभिन्न पुस्तक तथा अन्य स्रोतबाट सामग्री लिएर सैद्धान्तिक आधार निर्माण गरिएको छ । यस अध्ययनबाट कथामा प्रयुक्त विभिन्न स्वैरकल्पनाले संरचना र अर्थमा विनिर्माण गरिएको तथ्य प्राप्त भएको छ । अतः यस अध्ययनमा ‘अलिखित कथा’ कथामा स्वैरकल्पनाको प्रयोगबाट आख्यानको शिल्पसंरचनामा नवीन पुनःनिर्माण भएको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

शब्दकुञ्जी : अप्राकृतिक, अलौकिकता, जादूमयी, मनोभाव, जीवनमूल्य

Article's information : Manuscript received : 2024/10/07, Date of review : 2025/01/27, Date of manuscript acceptance 2025/04/25 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v3i1.87431
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2026 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

नेपाली साहित्यका विविध विधामा सक्रिय साहित्यकार राजुबाबु श्रेष्ठ सागर (२०२८) को नवीनतम परिचय कथाकारका रूपमा आएको छ । नेपाली साहित्यिक फाँटमा अढाई दशकदेखि विविध विधामा सक्रिय उनी कवि, गजलकार, मुक्तककार, आख्यानकार, गीतकारका रूपमा स्थापित बनिसकेका छन् । उनका बन्द फ्रेमभित्रको चिठी (२०५७) उपन्यास, हराएका छोराहरू (२०७७) कवितासङ्ग्रह, देशको चिना (२०७७) मुक्तक सङ्ग्रह, यादका बस्तीहरू (२०७८) गीतिसङ्ग्रह प्रकाशित भएका छन् । सागरका विभिन्न पत्रपत्रिकामा प्रकाशित नयाँ पुराना दसवटा कथाहरूको सङ्ग्रह फिर्दौसको साँचो (२०८२) शीर्षकमा इन्डिगो इन्कबाट प्रकाशित भएको छ । यस सङ्ग्रहमा रहेका अलिखित कथा, निर्जला, तिर्खा, हिजकिल, हिदायत, खामभित्रको चिठी, किसोनिया, दागबत्ती, हर्षबर्धन र महर्षि, ओभर स्पिड शीर्षकका कथामा विविध विषयवस्तुलाई सूक्ष्म रूपमा टिपिएका छन् । मिथकीय नामबाट शीर्षक चयन गरिएको यस कृतिका कथाले समकालीन नेपाली कथालेखनका क्षेत्रमा सिर्जनात्मक नवीनताको प्रतिनिधित्व गरेका

छन् । जीवनसङ्घर्षका असीमित आयामसँग साक्षात्कार गर्दै मानवीय चेतनाले सङ्गालेका कटु अनुभव तथा सेरोफेरोका अनेक कथाव्यथालाई पर्गेलेर कथाका रूपमा प्रस्तुत गरिएको छ । यसभित्रका हरेक कथा कल्पना र यथार्थको अन्तरघुलन गरेर भिन्नभिन्न विषय तथा शिल्पविधानमा विन्यस्त भएका छन् । मानवजीवनका समकालीन यथार्थलाई प्रस्तुत गर्न मिथकीयता र स्वैरकल्पनाको प्रयोगजस्ता शिल्पप्रविधिको प्रयोग गरिएको छ ।

*फिर्दोसको साँचो* (२०८२ ) कथासङ्ग्रहको पहिलो कथाका रूपमा रहेको 'अलिखित कथा' मा स्वैरकल्पनाको प्रयोग रहेको छ । यस कथाले पाठकमा कुतूहलमात्र होइन, भयानक त्रासद सिनेमा हेरेझैँ जुरूङ्ग पार्दै रहस्य, आक्रोस र विस्मयको संसारमा विचरण गर्न पुर्याउने सामर्थ्य राखेको छ । यौन दुराचार, हाडनाता करणी वा बलात्कार समाजमा यदाकदा घटित भइरहेका यस्ता भयानक विषय हुन् । तिनका बारेमा देखेर सुनेर पनि पर्दाभित्र खासखुस गरी गुपचुप रूपमा सामसुम पार्ने प्रवृत्तिले मौन रहन विवश बनेकाहरूको आप्त आवाजको विष्फोटक प्रस्फुटन कथामा लाटीमार्फत् गराइएको छ । व्यक्तिको असामान्य यौन मनोवैज्ञानिक यथार्थलाई प्रस्तुत गरिएको यस कथामा एकातिर समाजमा स्थापित पवित्र नातासम्बन्धमाथि प्रश्न खडा भएको छ भने अर्कोतिर यस्ता घटनामा संलग्न पीडकले पाउनुपर्ने हदैसम्मको सजायको परिकल्पना पनि गरिएको छ । स्वैरकल्पना र यथार्थको संयोजन गरी कथामा पीडित नारीका वीभत्स मनोदशा र मनमा गुम्फित पीडाको प्रतिरोधी चेतनालाई सशक्त देखाइएको छ । यसमा जुन कलात्मक शिल्पचेतका साथ घटना र चारित्रिक विन्यास गरिएको छ, त्यसले कथाकारको आख्यानकारिताको विशिष्टतासहित कथालाई विनिर्माणिक प्रवृत्तिको बनाएको छ ।

स्वैरकल्पना शब्द 'स्वैर' र 'कल्पना' शब्दको योगबाट निर्मित भएको हो । स्वैरको अर्थ स्वतन्त्रसँग घुमफिर गर्नु भन्ने हुन्छ भने कल्पनाको अर्थ मानसिक चिन्तन वा वृत्ति हो । त्यसैले स्वैरकल्पनालाई कल्पनाकै एउटा रूप विशेष अर्थात् मानवीय कल्पना वा अतिकल्पनाका रूपमा लिइन्छ । आख्यानमा स्वतन्त्र मानवीय कल्पनाबाट सिर्जित रूप वा संरचनालाई स्वैरकाल्पनिक मानिन्छ । स्वैरकल्पनालाई लोककथा र आधुनिक आख्यानमा कथानकको एउटा महत्त्वपूर्ण स्रोत पनि मानिन्छ । कल्पनाका विविध वर्गीकरणमध्ये सिर्जनात्मक कल्पनाको पनि सक्रिय रूप स्वैरकल्पना लौकिक अलौकिक पात्र, परिवेश र प्रतीकात्मक अर्थ आदिका माध्यमबाट प्रस्तुत भएका हुन्छन् । यसरी स्वैरकल्पनाका माध्यमबाट घटना परिवेशको चित्रण गर्दा त्यसले केन्द्रमाथि प्रश्न उठाउँदै पाठको संरचना र अर्थमा भिन्नता ल्याउँछ र यसमा विनिर्माणका विभिन्न प्रवृत्तिहरू पनि देखिएका हुन्छन् । यसले गर्दा स्वैरकल्पनाका माध्यमबाट परम्परित रूपमा स्थापित द्विचरविरोधको भञ्जन हुनुका साथै शक्ति र सत्यको स्थिर मानिएको संरचनालाई पनि उल्ट्याइएको हुन्छ । त्यसैले विनिर्माण र स्वैरकल्पना भिन्न विषय जस्तो भए पनि यसबाट कथामा संरचनागत र अर्थगत विनिर्माण गर्नका लागि महत्त्वपूर्ण भूमिका देखिन्छ ।

समकालीन नेपाली कथामा विविध किसिमले स्वैरकल्पनाको प्रयोग गरिएको पाइन्छ । 'अलिखित कथा' कथाको सिर्जना गर्दा मूल विषयभित्र इतर विषयलाई विभिन्न तरिकाबाट अन्तर्मिश्रण गरी तयार पारिएको हुनाले यसमा स्वैरकल्पना रहेको छ । स्वैरकल्पनामा कुनै एउटा विषयभित्र नछुट्टिने गरी अर्को विषय अन्तर्मिश्रण भएको हुन्छ । जीवन्जगत्का कुनै एक विषयलाई केन्द्रमा राखेर तयार पारिएको आख्यानात्मक संरचना कथाले कतिपय अवस्थामा लौकिक यथार्थलाई देखाउन अलौकिक प्रवृत्तिको साहारा लिएको हुन्छ । यस 'अलिखित कथा' कथामा स्वैरकल्पनाको प्रयोग सामाजिक मुद्दाप्रति गम्भीर विषयमा ध्यानाकर्षण गर्नका लागि भएको छ । समस्त कथासङ्ग्रहका बारेमा टिप्पणी गर्दै प्रा.डा.दयाराम श्रेष्ठ र प्रा.डा. रामप्रसाद ज्ञवालीले राजुबाबुका कथामा प्रशस्त स्वैरकल्पनाको प्रयोग भएको उल्लेख गरेपनि हालसम्म यस कथाका बारेमा प्राज्ञिक अनुसन्धानमा रिक्तता देखिएको छ । यस सन्दर्भमा "अलिखित कथा' कथामा स्वैरकल्पनाको प्रयोग गरिएको र त्यसले कथाको संरचना र अर्थलाई विनिर्मित गरेकाले यसको पठन विश्लेषण हुनु औचित्यपूर्ण देखिन्छ । प्रस्तुत 'अलिखित कथा' कथामा स्वैरकल्पनाको अध्ययन यसप्रकारका शोधप्रश्नमा केन्द्रित रहेको छ :

(क) 'अलिखित कथा' मा स्वैरकल्पनाको प्रयोग केकस्तो रहेको छ ?

(ख) कथामा स्वैरकल्पनाको माध्यमबाट विनिर्माण चेतना कसरी प्रस्तुत छ ?

उपर्युक्त शोध्यप्रश्नका जिज्ञासालाई स्वैरकल्पना र विनिर्माणको आधारमा विश्लेषण गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। यसका लागि आवश्यक अध्ययन सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्री "अलिखित कथा" शीर्षकको कथा हो भने स्वैरकल्पनाका सैद्धान्तिक मान्यता प्रस्तुत भएका लेख–रचना, पुस्तक तथा यस कथाको व्याख्या, विवेचना गरिएका समालोचनात्मक कृतिहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन्। यस अध्ययनमा मूलतः विवेच्य कथामा विभिन्न विषयका स्वैरकल्पनाद्वारा विनिर्माण प्रस्तुत भएका उद्धरणलाई तथ्यका रूपमा सङ्कलन गरिएको छ । अध्ययनका लागि सङ्कलित सामग्रीको व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी प्राप्त सामग्रीको विश्लेषण गरिएको छ। पाठकेन्द्री विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ।

**सैद्धान्तिक पर्याधार**

प्रस्तुत अध्ययनका लागि स्वैरकल्पना र विनिर्माणका मान्यतालाई मिश्रित सैद्धान्तिक आधार लिइएको छ। स्वैरकल्पना साहित्य र साहित्येतर दुवै क्षेत्रमा प्रचलित बहुआयामिक अवधारणा हो । अङ्ग्रेजीको 'फेन्टासी' 'Fantasy' शब्दको नेपाली रूपान्तरणमा स्वैरकल्पना प्रचलित रहेको छ। ग्रीक भाषाको फ्यानियन (देखाउनु)बाट ल्याटिनमा फ्यानटासिया (देखिने बनाउनु) भन्ने हुँदै अङ्ग्रेजीमा भित्रिएको 'फेन्टासी' शब्दले कल्पनाको उत्पादन, यथार्थसँगको विच्छेद, दिवास्वप्न, अवास्तविक वा अयथार्थ योजना, वा विचार आदि अर्थ जनाउने गरेको पाइन्छ (कोलम्यान, २००२, पृ. ४१२)। आधुनिक साहित्यमा स्वैरकल्पना साहित्यको आख्यान विधामा कथानकको एक महत्त्वपूर्ण स्रोत वा आधार हो। रोबर्ट स्कोल्सले कथानकको स्रोतमा इतिहास, यथार्थ, रागभाव र स्वैरकल्पनालाई (सन् १९९७, पृ.१२५) बताएका छन् भने यसैलाई नेपाली साहित्यमा पनि स्वीकार गरिएको छ । स्वैरकल्पना अङ्ग्रेजीको मेरियम वेबस्टर डिक्सनरीको विद्युतीय संस्करणअनुसार स्वैरकल्पना विशेषतः अनौठो देशकाल र कुरूप पात्रहरू प्रस्तुत गरिने काल्पनिक आख्यान हो। स्वैरकल्पनाले साहित्यलेखनको विशिष्ट शिल्पशैली र विधालाई पनि बुझाउँदछ । ज्ञात ब्रह्माण्डको यथार्थपरक प्रतिनिधित्वप्रति आसक्त नहुने आख्यानात्मक कार्यका रूपमा स्वैरकल्पनालाई लिएको पाइन्छ तर नाटकीय दृष्टिकोण, दन्त्यकथा, परीकथा, रोमान्स, विज्ञानकथाजस्ता विधालाई समेट्ने विषयक्षेत्रका रूपमा स्वैरकल्पनाले जादुयी शक्ति र अन्य कल्पनालाई स्वीकार गरी काल्पनिक ब्रह्माण्डको निर्माण गर्दछ (बाल्डिक, सन् २००१, पृ.९५)। स्वैरकल्पनाका पनि प्राचीन र आधुनिक रूपहरू छन्। आधुनिक स्वैरकल्पनाका मूलतः सामाजिक, मनोवैज्ञानिक तथा वैज्ञानिक प्रयुक्तिगत आयामहरू रहेका हुन्छन्। समकालीन कथाका सन्दर्भमा चाहिँ काल्पनिक संसारको सृष्टि गरिएका व्यङ्ग्यात्मक रूपबाट यथार्थको भ्रम सिर्जना गर्न र आदर्श पात्रको अलौकिक वीरता प्रदर्शन गर्न स्वैरकल्पनाको प्रयोग भएको हुन्छ। स्वैरकल्पनाले तथ्यात्मक घटनाको पुनर्गठन तथा पुनर्संरचना गर्ने स्वतन्त्रता प्राप्त गर्छ। कहिलेकाहीँ ती सबै मान्यतालाई बदल्न पनि सक्छ (स्लोट्किन, सन् २०१३, पृ. २४)। स्वैरकल्पना कथामा प्रयुक्त यथार्थभन्दा परको अप्राकृतिक घटना र पात्रसँग सम्बन्धित र अलौकिक संसारको प्रस्तुतिमा केन्द्रित उडन्ते कल्पनाको विषय हो। त्यसैले यसका माध्यमबाट यथार्थका सूक्ष्म एवम् गम्भीर रहस्यहरूको प्रतीकात्मक उद्घाटन गरिएको हुन्छ।

साहित्य सिर्जनामा स्वैरकल्पनाको प्रयोग विभिन्न उद्देश्यले गरिएको पाइन्छ। आधुनिक कथामा कुतूहल निर्माण गर्न, कथानक विस्तार गर्न, यथार्थलाई अर्थाधिक्य तथा प्रभावोत्पादक बनाउनका लागि स्वैरकल्पनाको प्रयोग गरिन्छ। त्यस्तै कथालाई निरस र कोरा यथार्थबाट जोगाउन आधुनिक कथाका कथाकार स्वयम्ले स्वैरकल्पनाको निर्माण गर्नसक्ने वा मिथक वा लोककथाबाट पनि लिन सक्ने देखिन्छ (बराल, २०५९, पृ.५७)। जादुको शक्ति तथा विभिन्न किसिमका असम्भव विषयको चयन गर्ने भएकाले यसमा कथानक, सारवस्तु वा परिवेशको मूल तत्त्वका

रूपमा अलौकिकता, कल्पना, जादु आदि आएका हुन्छन् । यसको प्रयोग विशुद्ध मनोरञ्जन दिन, कुनै सामाजिक मुद्दाप्रति गम्भीर विषयमा ध्यानाकर्षण गर्न वा मानवीय चरित्र र विधिप्रति व्यङ्ग्यात्मक प्रभाव उत्पन्न गर्नका निम्ति भएको हुन्छ (एटम, २०७४, पृ. २७२) । साहित्यमा आउने स्वैरकल्पना लेखकको ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीति तथा लैङ्गिक अन्तर्सम्बन्ध र दबाबबाटै निर्धारित हुन्छ, जसलाई साहित्यका अन्य परम्पराले पनि ग्रहण गरेका हुन्छन् तर स्वैरकल्पनामा आउने विषय सामान्य अवस्थाभन्दा भिन्न प्रकृतिले प्रस्तुत गरिएको हुन्छ । त्यसैले सामान्य दृष्टिले हेर्दा त्यो अनौठो र समाजबाहिरको जस्तो देखिन सक्छ । स्वैरकल्पनाको सामाजिक सांस्कृतिक सम्बन्धलाई प्रस्ट पार्न स्वैरकल्पनालाई सामाजिक व्यवस्था र ऐतिहासिक बोधपश्चात् मात्र बुझ्न सकिन्छ (ज्याक्सन, सन् २००९, पृ, १–२) । त्यसैले आधुनिक कथामा प्रयोग हुने स्वैरकल्पना यथार्थदेखि टाढाको पलायन होइन बरु भिन्न प्रकृतिबाट यथार्थकै प्रस्तुति गरी पाठकमा प्रभाव जमाउने जुक्ति हो भन्ने कुरालाई स्वैरकल्पनाको रूपमा चिनिन्छ । स्वैरकल्पनाले लौकिक र अलौकिक सम्बन्धको स्थापना गर्छ तर तार्किक र तथ्यात्मक रूपमा त्यो सम्बन्ध व्याख्या हुन सक्दैन केवल भावनात्मक सम्बन्धका रूपमा मात्र सम्बन्ध स्थापित हुन सक्छ (मानलोभ, सन् १९७५, पृ.७–८)। आख्यानमा स्वैरकल्पनाले नयाँ सम्भावनाको खोजी गर्छ । यस्तै स्वैरकल्पनाले पाठकमा सम्भावना, सन्त्रास, आतङ्क, जिज्ञासाजस्ता विशिष्ट प्रभाव पनि उत्पन्न गर्छ । स्वैरकल्पनाले भावनात्मक घनत्व प्रदान गर्छ यथार्थवादी साहित्यका तुलनामा स्वैरकल्पना पूर्ण स्वतन्त्र देखिए पनि यो सामाजिक सांस्कृतिक सम्बन्धबाट पूर्णतः विच्छेदित भने हुँदैन(ज्ञवाली, २०७८, पृ. २५)। स्वैरकल्पना सामान्य ज्ञानभन्दा इतरको यथार्थ खोजी गर्ने तरिका हो । स्वैरकल्पनाले यथार्थको व्यापक र भिन्न पक्षको खोजी गर्छ । स्वैरकल्पना सिर्जनात्मक प्रभाव कायम गर्ने सिर्जनशील लेखनको शक्तिशाली पद्धति हो ।

विनिर्माण साहित्य समालोचनाको उत्तरआधुनिक अवधारणा हो । यसले पाठमा रहेका द्विचरविरोधले सिर्जना गरेका केन्द्रको भञ्जन गरी अर्थमा बहुलताको खोजी गर्छ । त्यस्तै सिर्जनात्मक स्वैरकल्पना सम्भावनाका नयाँ क्षितिजको खोजी गर्ने साहित्यिक पद्धति हो । यो अनुभवजन्य र भोग्य वस्तुजगत्भन्दा भिन्न हुन्छ तर त्यसबाट पूर्णतः विच्छेदित हुँदैन । यसले नयाँ भौतिक नियम, विश्वसनीय चरित्र र कथानकसहितको कार्यपीठिकाको  निर्माण गर्न मदत गर्छ । यसले मानवीय अवस्थाको अवलोकन र अन्वेषणका निम्ति पाठकलाई आमन्त्रित गर्छ । उत्तम स्वैरकल्पनाले सधैँ जीवनका सम्भावित सत्यको अन्वेषण गर्दै सम्भावना र सन्त्राससमाथि प्रकाश पार्छ । कथाको घटना तथा चिन्तनमा यसको पाठक सक्रिय रूपमा सहभागी हुन्छ । यसैले पाठकले आफ्नो बुझाइअनुसार अर्थ निर्माण गर्ने हुँदा कतिपय परम्परागत अर्थको भञ्जन तथा बहुल र नवीन अर्थ सम्भावनाको कारण विनिर्माण भएको हुन्छ । आख्यान पाठमा स्वैरकल्पनाका माध्यमबाट कथाको विषयवस्तु, शिल्पसंरचना र अर्थमा विनिर्माणात्मक प्रभाव उत्पन्न गर्नका निम्ति उपयोग भएको हुन्छ ।

## सामग्री विश्लेषण : प्राप्ति र छलफल

साहित्यको लोकप्रिय विधा कथा जीवन र जगत्का विविधताको सूक्ष्म अनुभूतिको आख्यानात्मक प्रकटीकरण हो । समकालीन नेपाली कथामा यथार्थका विविध पक्षका साथै रहस्यात्मक, अलौकिक र रुपान्तरणका अनुभवहरूको मिश्रण रहेको पाइन्छ । कतिपय कथामा वास्तविक जीवनमा असम्भव र तर्कहीन घटनाहरू संयोजित हुन्छन्, जसले कथालाई रहस्यमय र परम्परागत मान्यताभन्दा भिन्न किसिमको पनि बनाउँछ । यस्ता कथामा स्वैरकल्पना र विनिर्माणको संयोजनबाट उत्पन्न सौन्दर्यका आधारमा विश्लेषण गर्न सकिन्छ ।

### कथात्मक संरचना

प्रस्तुत 'अलिखित कथा' सामाजिक विषयको रहस्यात्मक कथा हो । यस कथामा यथार्थ घटनामा स्वैरकल्पनाको मिश्रण गरिएको छ । कथामा नेवार जेठाको यौनाङ्ग काटिएको अवस्थामा मृत्यु भएको र पुलिसले यस मृत्युको रहस्य पत्ता लगाउन नसकी आत्महत्याको रूपमा घटनालाई समाप्त गरेको छ । तर एक वर्षपछि कथानकलाई अर्को दिशातिर मोडिएको छ, जहाँ अनकन्टार जङ्गलबीचको जीर्ण हवेलीमा रमणलाई पुर्याएर मानव

कङ्कालले घेरिएको कोलाहल र डरलाग्दो वातावरणमा लाटीले नेवार जेठाको मृत्युको घटनामा आफ्नो मृत्युको सन्दर्भलाई जोड्दै जीवनमा अनेक पुरुषबाट खेपेका यौन हिंसा र बलात्कार तथा आफ्नै बाबुले रक्सीको नशामा मदहोस भएर बारम्बार बलात्कार गर्दै अन्तमा छोरीको घाँटी थिचेर हत्या गरेको रहस्य खोल्छे । त्यसैले मृत्युपछि प्रेतात्मा बनी छद्म रूप धारण गरेर लाटी नेवार जेठा(बाबु) को आत्मामा प्रवेश गरेर कामोत्तेजक पारी तर्साएपछि पश्चातापले आफ्नै यौनाङ्ग हँसियाले काटेर रक्तस्राबले तडपिएर मृत्यु भएको साथै त्यसअघि अन्य बलात्कारीसँग पनि यसैगरी बदला लिएको रहस्य रमणसामु पर्दाफास गर्छे । हरेक घटनालाई एकएक गरेर दृश्यात्मक रूपमा हाउभाउसहित प्रोजेक्टर स्क्रिनमा प्रस्तुत गरिनुले स्वैरकल्पनात्मकताको उत्कर्ष देखिएको छ । यथार्थ विषयमा स्वैरकल्पना मिसाएर भिन्न तरिकाले घटनाको तहसम्म पुगेर पर्दाफास गर्ने नवीन दृष्टिकोण प्रस्तुत छ । समाजमा हुने बलात्कारका घटनामा पात्रको आक्रोश र प्रतिशोध यथार्थ भएपनि मृत पात्रका माध्यमबाट जसरी प्रस्तुत गरिएको छ त्यसले रहस्य, रोमाञ्चकता मात्र हैन वीभत्सता र त्रासदी उत्पन्न भएको छ । यसअघि कतै नलेखिएको लाटीको कथा ‘अलिखित कथा’ जस्तै अन्य कति यस्ता गुमसुब दबिएका र दबाइएका घटना हाम्रै समाजमा कति छन् भन्ने कुरा रामबिलासको मृत्यु प्रकरणलाई कथामा खुला छोडिएको घटनाले देखाउँछ । यसरी एउटा पात्रको मृत्युको कथाजस्तो सतहमा हेर्दा एक साधारण रहस्यमय हत्या प्रकरणजस्तो देखिन्छ तर यसमा समाजको गहिराइमा व्याप्त लैङ्गिक हिंसा, दमन, सामाजिक मौनता, दण्डहीनता र शक्ति–सम्बन्धका संरचनालाई नयाँ अर्थगत दृष्टिले यस कथामा पुनर्लेखन गर्न सकिने विनिर्माण चेतना पनि सक्रिय देखिन्छ ।

## कथामा स्वैरकल्पनाको प्रयोग

प्रस्तुत ‘अलिखित कथा’ कथामा स्वैरकल्पनाको विभिन्न तरिकाले प्रस्तुत गरिएको छ । यसमा मृत पात्रको सक्रियता, पात्रीय रूपान्तरण, शिल्प प्रविधि तथा अन्य रूपमा अभिव्यक्त भएको छ ।

### मृत पात्रको सक्रियता

‘अलिखित कथा’ मा मृत पात्रलाई मुख्य पात्र बनाइएको छ । यस कथामा स्वैरकल्पनाको प्रयोग लाटी पात्रमार्फत गरिएको छ । जिउँदो रहँदा यस संसारमा धेरैबाट प्रताडित ऊ मरेपछि पनि यस लौकिक संसारमा हस्तक्षेप गर्छे । जीवित रहँदा अनेक शारीरिक मानसिक प्रताडना खपेर बलात्कृत भई हत्या गरिएकी ‘लाटी’ मरेपछि सबैसँग बदला लिने उद्देश्यका लागि सक्रिय रहेकी छे:

> ‘म मेरो तेह्रौँ तिथि सकेपछि पनि मलाई आफ्नो घर छाडी कैँ जान मनै लागेन । मेरो सामुन्ने म आफ्नै बलात्कारी बालाई देख्दा औडाहा भई आउँथ्यो र बालाई कसरी मार्ने भनी छट्पटिन्थेँ। मलाई घाँटी दाबी मार्ने आफ्नै बलात्कारी बा, मलाई विश्वासघात गर्ने आफ्नै प्रेमी लाटा र मलाई बलात्कार गर्ने सुब्बालाई कसरी मार्ने भनेर जुक्ति सोचिरहन्थेँ। (पृ. २२)

उपर्युक्त कथनले जीवित लाटी निरीह रहेपनि मरेपछि के गरूँ, कसरी गरूँ ? भनेर प्रतिशोधका लागि सक्रिय रहेकी देखाउँछ । वास्तविक जीवनमा बोल्न नसक्ने मौन पात्र लाटी मरेपछि आफ्ना समस्त पीडा र प्रतिशोधको बयान गर्दै हरेक अपराधीलाई सजाय गर्छे । यसरी लाटीलाई मृत्युपछि पनि सक्रिय गराएर मृत्यु र जीवनको पारम्परिक द्विचर विभाजनलाई स्वैरकल्पनामार्फत भत्काइएको छ।

### पात्रीय रूपान्तरण

स्वैरकल्पनाले कथाका चरित्रलाई अतिमानवीय रूपमा रूपान्तरण पनि गर्दछ । ‘अलिखित कथा’ कथामा लाटी पात्रलाई विभिन्न रूपमा रूपान्तरण गरी स्वैरकल्पनाको प्रयोग गरिएको छ । कथाअनुसार ऊ वास्तविकतामा बोल्न नसक्ने लाटी वा आवाजविहीन मौन पात्रको प्रतिनिधि हो । तर उसको हत्या गरिएपछि उसलाई प्रेत, आवाज, भूत, छाया, चरा आदि विभिन्न रूपमा रूपान्तरण गरिएको छ । हो, म जिउँदो छँदा बोल्न सक्दिनँ थेँ। ऐले म त्यो लाटी

हुइनँ । म त लाटीको केवल आत्मा हुँ । आत्माको कुनै जिब्रो हुँदैन । आत्माको कुनै शरीर हुँदैन । आत्माको कुनै उमेर हुँदैन । त्यसैले आत्माको कहिल्यै मृत्यु हुँदैन (पृ.१४) ।

वास्तविकतामा बोल्न नसक्ने निरीह लाटी स्वैरकल्पनामा बाचाल र साहसी देखिन्छे । कथामा घटनाको चित्रण गर्ने क्रममा कतैकतै हुनै नसक्ने अयथार्थ कुराको वर्णन गरिएको छ भने कतैचाहिँ वास्तविक जस्ता लाग्ने घटनाक्रम समेटिएका छन् । 'हो, त्यो एक टुक्रा बादल मै थ्यैँ । त्यो छायाजस्तो घोडाको प्रेतात्मा पनि मै थ्यैँ, बुझ्यौ ? उसले प्रस्ट्याउँदै भनी (पृ.२२)।' यसमा उसले बादल, घोडाको रूप धारण गरेकी छे । त्यस्तै कथामा उसको मृत्युपश्चात् पात्रीय रूपान्तरण गरी कतै कामुक युवती, प्रेतात्मा, डिजिटल छायाचित्रका रूपमा भएको छ । अनेक रूप बदलेर आफ्नो उद्देश्यलाई क्रियान्वयन गर्न उसलाई सहज र सफल देखाइएको छ :

> हेर्दाहेर्दै लाटीको अनुहार बदलिँदै गयो र ऊ एक डरलाग्दो प्रेतको रूपमा प्रस्तुत भयो । उसका लामालामा फिँजिएका कपाल भुइँसम्मै लत्रिएका थिए । हात र खुट्टाका नङहरू बिरालोका नङ्ग्राजस्ता लामालामा भएर आए । फेरि अकस्मात् उसको अँगालोबाट निमिषमै हरायो प्रेत । (पृ.२३)
>
> आकाशबाट एउटा चिल उड्दैउड्दै आयो र झ्यालबाट रमणको कोठाभित्र स्वाट्ट छिर्यो अनि खुट्टानेर पलङछेउ गई भुइँमा बस्यो (पृ.२८) ।

उपर्युक्त साक्ष्यमा लाटीलाई मृत पात्रबाट कुरूप प्रेतात्मामा रूपान्तरण गरिएको छ । तर यस्तो छिनमै देखिने र हराउने रूप यथार्थमा नभएर स्वैरकाल्पनितामा मात्र सम्भव बनाइएको छ । अर्कोमा लाटीलाई चिलमा रूपान्तर गरिएको छ । यसरी मृतात्माले अनेक रूप धर्नु भनेको 'मान्छे अकालमा मरेपछि प्रेतात्मा बन्छ' भन्ने जनविश्वासमा मात्र अस्तित्ववान् रहेका स्वैरकाल्पनिकता मार्फत देखाउनु हो । तर वास्तविक संसारमा अदृश्य मानिने छिनमै देखिने र छिनमै अलप हुने प्रेतमा रूपान्तर गर्नुको उद्देश्य केवल अत्याचारीसँग बदला लिनका लागि देखिन्छ ।

**प्रोजेक्टरमार्फत घटनाको पुनः प्रदर्शन**

प्रस्तुत 'अलिखित कथा' कथामा स्वैरकाल्पनिक दृश्यको प्रदर्शन गर्न आधुनिक प्रविधिको प्रयोग गरिएको छ । यहाँ मृतक पात्रले वास्तविक समयको घटनालाई दृश्यका रूपमा एक वर्षपछि प्रमाण स्वरूप प्रस्तुत गरेकी छ ।

> निमेषमै प्रोजेक्टरबाट आउने फोकसजस्तो यल्इडी फोकस सेतो भित्तामा आयाताकार भएर फैलियो । एउटा कुनै छप्पन्न इन्चको टिभीजस्तै पूर्ण स्क्रिन बन्यो । त्यही आयाताकार यल्इडी स्क्रिनमा कुनै जिउँदो महिला कुर्तासुरुवाल लगाएकी तर टाउको नभएकी अर्ध शरीर भ्याल्ल्याकभ्याल्ल्याक गर्दै हिँडेको दृश्य स्क्रिनमा जुम हुँदै गरेको देखियो । (पृ.१३)
>
> कालो स्क्रिन निमेषमै उज्यालो भएर आयो । स्क्रिनमा लाटी उज्याली देखिई (पृ.१९)
>
> अकस्मात् स्क्रिनमा जेठा नेवारले हनुमान कट्टु खाल्दै गरेको दृश्य देखियो । ऊ पूर्ण रूपमा दिगम्बर देखियो । उसको अघि लाटी दिगम्बर अवस्थामै ठिङ्ग उभिएकी थिई ।....फेरि अचानक उसको पछाडि देखिई स्क्रिनमा उही प्रेत ।...(पृ.२३)

उक्त कथांशमा आधुनिक सञ्चार प्रविधिको प्रयोग गरी घटनाका यथार्थ चित्रात्मक दृश्य प्रस्तुत गरिएको छ । टाउको नभएकी महिलाको शरीर अनि फेरि टाउको मात्र तुर्लुङ्ग झुण्डिएको दृश्य प्रोजेक्टरमा देखिनु स्वैरकाल्पनिक भए पनि प्रविधि प्रयोगमा सम्भव कुरा हो । यसबाट यथार्थ वा सम्भव र असम्भवबीचको सीमा भत्किएको छ । यसमा भएको स्वैरकल्पनाको सार्थक प्रयोग हो। साहित्यमा स्वैरकल्पनाले व्यङ्ग्यात्मक रूपबाट यथार्थको उद्घाटन गर्दछ तर यहाँ भने जादुगत पात्र र परिवेश सिर्जना गरेर रहस्यपूर्ण घटनाको प्रस्तुतिद्वारा पाठकलाई अलमल्याउँदै र कौतुहलता सिर्जना गर्दै बौद्धिकतापूर्वक अर्थको गहिराइमा पुयाउन सफल भएको छ ।

**अपराधीलाई दण्डित गर्ने पीडितको अलौकिक शक्ति**

स्वैरकल्पनाको आधार यथार्थ संसार नै हुन्छ, तर त्यो लौकिक जीवनको नीति, परम्परा, नियम, शास्त्र आदिको सीमाभन्दा बाहिर हुन्छ । यसले मानवीय चेतनाद्वारा निर्मित व्यवस्था वा नियमलाई भत्काएर असङ्गत

संसारको निर्माण गर्छ । यही प्रक्रिया 'अलिखित कथा' मा पनि देखिएको छ । प्रस्तुत कथामा लाटी पीडित पात्र हो । ऊ आफ्नै बाबु, प्रेमी र अन्य पुरुषबाट यौनउत्पीडनले शोषित, पीडित भई हत्या गरिएकी पात्र हो । तर मृत्युपछि उसले प्रेतात्माको रूप लिएर सबैसँग पालैपालो अपराधको प्रतिशोध लिएको घटना पनि स्वैरकाल्पनिक छ । 'अनि, बाँकी बलात्कारीलाई कसरी मार्यौ नि ?' उसले अझै थप प्रश्न गर्यो । म जसरी बाको शरीरमा पसेँ र बा स्वयम्ले आफ्नै लिङ्ग काटी काटी मरे हो, त्यसैगरी नै मैले सबैलाई मारेँ ।' (पृ. २६) । उसले कसैलाई प्रत्यक्ष मार्दिन तर तिनलाई उक्साएर, भ्रममा पारेर, अपराधबोध प्रयोग गरेर सबैलाई विनाश गरेकी छे । यी सबै कुरा वास्तविक जीवन र समाजमा असम्भव भए पनि कथा सन्दर्भमा विश्वासयोग्य बनाइएको छ । यही विश्वसनीयता नै स्वैरकल्पनाको शक्ति र सौन्दर्य पनि हो ।

### कथामा स्वैरकल्पनाद्वारा विनिर्माण

स्वैरकल्पना र विनिर्माण भिन्न देखिए पनि यी दुई आख्यानमा प्रयुक्त प्रविधि र प्रक्रिया हुन् । कथाको विनिर्माणमा स्वैरकल्पनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत 'अलिखित कथा' मा स्वैरकल्पनाको प्रयोगले विनिर्माणिक कार्य पनि गरेको छ । विनिर्माणको मान्यताअनुसार पाठको कुनै अर्थ स्थिर हुँदैन । यसले पाठभित्रका द्विचरविरोध भजन गर्छ । पाठभित्रका शक्ति र सत्यको संरचना उल्टिन्छ । भाषिक विमर्शनै अर्थ उत्पादनको माध्यम बन्छ । यस कथामा स्वैरकल्पनाले यी विनिर्माण प्रक्रियालाई यसरी सक्रिय गरेको छ :

### पीडित/अपराधीको द्विचरभञ्जन

सामाजिक संरचनाभित्र विभिन्न किसिमका द्विचरविरोधहरू स्थापित छन् । यस 'अलिखित कथा' कथामा पनि पीडित/पीडकको द्विचरविरोध भत्किएको छ । सतहमा हेर्दा लाटी कथाको पीडित पात्र हो र उसले विभिन्न खाले पीडा भोगेर वीभत्स जीवन समाप्त भएको छ । त्यस्तै पुरुष पात्र नेवार जेठा, लाटा र सुब्बा पीडक वा अपराधी देखिएका छन् । तर कथाले स्वैरकाल्पनिक मोड लिएपछि लाटी स्वयम् अपराधी बनेकी छे । उसले सबै बलात्कारी पुरुषलाई मर्न बाध्य पार्नु आपराधिक कार्य नै हो । यसबाट लाटी पीडित र पीडक दुवैखाले पात्र बनेकी हुनाले द्विचरविरोधको भञ्जन देखिएको छ ।

त्यस्तै लाटीलाई पीडितको रूपमा न्याय प्राप्त गर्नुपर्ने पात्रका रूपमा नराखी न्याय दिने शक्तिमा रूपान्तरित गरिएको छ । ऊ दमनको विरूद्ध प्रतिशोधकारी सत्ताको रूपमा उपस्थित छ। यसले गर्दा पीडित र अपराधीको परम्परागत अर्थ कतै भत्किएको छ, कतै उल्टिएको छ भने कतै पुनसंरचना भएको छ । यो सबै विनिर्माणिक प्रक्रिया हो ।

### यथार्थ र अयथार्थको द्विचरविरोध

'अलिखित कथा' कथामा यथार्थ/अयथाथको द्विचरविरोध भत्किएको छ । यस कथाको कथानक निर्माणमा नेवार जेठाको मृत्युबारे पुलिस अनुसन्धान चल्नु र कारण पत्ता लगाउन नसक्नु यथार्थ घटना हो । तर डिजिटल स्क्रिनमा देखाइएका भूत–प्रेत, स्मृतिचित्र सबै भ्रम वा अयथार्थ वस्तु हुन् । त्यस्तै लाटीले पे्रतात्माका विविध रूपमा रूपान्तरित भएर लिएको प्रतिशोध स्वैरकल्पना मात्र हो । वास्तविकतामा मृत्यु भइसकेपछि कसैले पनि यसरी बदला लिन सक्दैन । यसैले यस कथामा यथार्थपरक तर्कभन्दा फरक तर भाव यथार्थ र सामाजिक यथार्थमा आधारित वैकल्पिक सत्यको निर्माण गरिएको छ । यसले पीडितले न्याय र पीडकले सजाय पाउनुपर्छ भन्ने सत्य वा अर्थको केन्द्र भत्काइएको छ । पीडितले न्याय नपाए पनि पीडकले विविध सजाय पाउँछन् भन्ने अर्थका बहुल विकल्प प्रस्तुत गरिएको छ ।

### सत्ता विमर्शको पुनर्लेखन

प्रस्तुत कथामा सामाजिक संरचनाका दुई पक्ष नारी–पुरुष सम्बन्धका बारेमा विमर्श गरिएको छ । यसमा पुरुष सत्ता उत्पीडक रहेको छ जसमा घरकै पिता बलात्कारी छ, प्रेमी पुरुष बलात्कारी नै छ भने गाउँले पुरुषको प्रतिनिधि

सुब्बा पनि उस्तै बलात्कारी छ। यस्ता शोषक प्रवृत्तिका पुरुषहरूलाई गाउँले पुरुषहरू एवम् दण्डहीन कानुनी संरचनाले समर्थन गरेका कारण यिनीहरू फुक्काफाल देखिएका छन्। तर कथामा स्वैरकल्पनाको प्रवेश गराएर शक्ति नारी पात्रतिर सर्दै गएको छ। पीडित लाटीको रूपान्तरित शक्तिका कारण पुरुषसत्ता उल्टिएको छ। समाजमा नारीको दमनकर्ता बनेर रमाएको पुरुष आफैँ दमित बनेको छ। परम्परित पितृसत्तात्मक सामाजिक संरचनाले स्थापित गरेका नियमहरू अमान्य बनेका छन्। यसरी पुरुषसत्ता/नारी सत्ताको द्विचरविरोध भत्किएर अर्थको पुनर्लेखन भएको छ।

## नैतिकता र अपराधको पुनर्व्याख्या

'अलिखित कथा' कथामा नैतिकता र अपराधको पुनव्र्याख्या गरिएको छ। नैतिकता भनेको सर्वस्वीकार्य असल आचरण हो भने अपराध दण्डनीय क्रियाकलाप वा दुराचार हो। नैतिकता व्यक्ति, समाजको आदर्श अनुशासनको नियम र सम्बन्धको आधार हो भने अपराधले सबैलाई भत्काउन सक्छ। बाबु–छोरीको पवित्र सम्बन्ध बिर्सेर रक्सीको मातमा छोरीमाथि बलात्कार गर्नु अनैतिक व्यभिचार हो। त्यस्तै परम्परागत मान्यताले हत्यालाई अनैतिक कार्य मानेको छ। जो जसले जुनसुकै मनसायले गरे पनि हत्या जघन्य अपराध र दण्डनीय हुन्छ। तर यस कथामा लाटीको हत्यालाई नैतिकताका दृष्टिले अपराध मानिएको र लाटीले गरेको हत्या प्रतिशोधको रूपमा न्याय बनेको छ। कथामा स्वैरकल्पनामार्फत अपराधलाई नयाँ रूपमा व्याख्या गरिएको छ : मलाई घाँटी दाबी मार्ने आफ्नै बलात्कारी बा, मलाई विश्वासघात गर्ने आफ्नै प्रेमी लाटा र मलाई बलात्कार गर्ने सुब्बालाई कसरी मार्ने भनेर जुक्ति सोचिरहन्थेँ (पृ. २२)।

उपर्युक्त साक्ष्यमा शक्तिको आडमा निरीहमाथि नैतिकता भुलेर अत्याचार गर्नेहरू अपराधी हुन्। यस कथाका पाठकलाई नैतिकता र अपराधको विषयमा पुनर्विचार गर्न बाध्य पारिएको छ। के लाटीले आफ्ना अपराधी बलात्कारीलाई दण्डित गरेर नैतिक काम गरेकी हो कि ऊ पनि अपराधी नै हो त ? भन्ने प्रश्नबाट विनिर्माणका दृष्टिले स्थिर नैतिक संरचना भत्किएको छ। यसबाट नैतिकता र अपराधको परम्परागत अर्थको पुनर्निर्माण आवश्यक ठहरिएको छ। काल्पनिक संसारको स्थापनाद्वारा पितृसत्तात्मक समाजको यथार्थ उद्घाटन गर्नका लागि प्रस्तुत कथामा प्रयुक्त कथानक स्वैरकाल्पनिक भ्रम सिर्जना गरिएको छ।

## स्वैरकल्पना संरचना र अर्थमा विनिर्माण

प्रस्तुत कथामा स्वैरकल्पनाको प्रयोगबाट संरचना र अर्थका तहमा विनिर्माण गरिएको छ। कथाका परम्परित मान्यताका साथै केन्द्रीयताको अवधारणा तोडिएको छ। कथामा भएका विभिन्न द्विचरविरोध भत्काउँदै स्थिर अर्थमा पनि विनिर्माण गरिएको अवस्था देखिन्छ।

## संरचनात्मक विनिर्माण

प्रस्तुत 'अलिखित कथा' को संरचना आख्यानको परम्परागत ढाँचाभन्दा फरक छ। यस कथामा दृश्यात्मक वा नाटकीय कथानक संरचना रहेको छ। कथाको सुरुमै स्थान र समयको उल्लेख छ भने कथानकलाई पूर्व घटनाहरू र बदला घटनाका रूपमा सङ्ख्यात्मक विभाजन गरिएको छ। यसमा विनिर्माणिक खण्डीकरण वा टुक्रे कथाको अवधारणामा कथा पाठ्य र दृश्यको कोलाजका रूपमा पुनः निर्मित छ। त्यस्तै स्वैरकल्पनामार्फत यस कथामा संरचनात्मक विनिर्माण भएको छ। परम्परित ढाँचाको कथा आरम्भ, मध्य र अन्त्यको रैखिक ढाँचामा विन्यस्त हुन्छ भने कथामा घटनाको एकल अर्थ र निश्चित निष्कर्षमा संरचित हुन्छ। तर 'अलिखित कथा' कथामा घटनाको रहस्यबाट आरम्भ भई बीचमा त्यसको कारण खुलासा गरिएको छ भने फेरि अर्को घटना पुनः रहस्यमा पुगेर कथा समापन भएकाले यो रैखिक ढाँचाको कथानक भञ्जन भई वृत्ताकारीय बनेको छ। कथाको अघिल्लो भागमा नेवार जेठा, लाटी, लाटाको हत्या कसले कसरी भयो भन्ने रहस्यको स्वैरकल्पनाका माध्यमबाट पर्दाफास गरिएको थियो तर अन्त्यमा अर्को युवकको मृत्युलाई रहस्यमय छाडी निष्कर्षलाई पनि अस्थिर बनाइएको छ : 'ऊ फेरि पनि निर्बोध अवस्थामा पुग्यो। रामबिलासको मृत्युको घटना एक महापहेलीको पहेली नै रह्यो' (पृ. ३१)। रामबिलासको मृत्यु

कसरी किन भयो भन्ने संशयले कथालाई खुला पाठमा परिणत गरेको छ भने मृत्युको कारणसम्बन्धी अर्थबहुलताको सम्भावना रहेको छ । यसरी विविध पक्षबाट यस कथाको संरचनाको भञ्जन भएको छ ।

## भाषिक विनिर्माण

'अलिखित कथा' कथामा भाषिक विनिर्माण विभिन्न तहमा भएको छ । यसमा वास्तविक रूपमा बोल्न नसक्ने व्यक्ति लाटीका पीडालाई आवाज दिन उसलाई बोल्ने पात्रमा परिवर्तन गरिएको छ । लाटीको रूपान्तरका विवरण दिने क्रममा मिश्रित भाषिक प्रयोगद्वारा विनिर्माण गरिएको छ। विभिन्न स्रोतका शब्द एवम् भाषिक बिम्ब एवम् प्रतीकात्मकताले कथामा अन्योक्तिमूलक बनेको छ । यसमा अहिले प्रचलित सूचना प्रविधिका भाषालाई प्रतिनिधित्व गर्ने शब्दहरू प्रोजेक्टर, यल्इडी टिभी, स्क्रिन, म्युट आदि धैरै ठाउँमा अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरूको प्रयोग छ । त्यसैगरी 'निमिषमै स्क्रिन ब्ल्याकआउट भयो', 'लाटी सैतानी शैलीले जोडजोडले हाँसी'(पृ.२५) आदिजस्ता भाषिक संरचनाले भाषामा मिश्रित वा सङ्कर रूप निर्माण हुनु पनि विनिर्माणको प्रवृत्ति देखिएको छ । कथामा भाषिक माध्यमद्वारा दृश्यको असम्भव प्रस्तुतीकरण गरिएको छ । त्यस्तै मृत्युपूर्व र मृत्यु पश्चात् भोगेका व्यवहार र अनुभवका सम्बन्धमा मृत लाटी र जीवित पात्र रमणबीच अलौकिक संवाद गरिएको छ । यसले गर्दा कथामा अनिश्चितता र बहुवैकल्पिकताले भाषिक अस्थिरता पनि देखिएको छ ।

## मनोवैज्ञानिक विनिर्माण

'अलिखित कथा' स्वैरकल्पनाको माध्यमबाट व्यक्तिको मनोविज्ञान प्रस्तुत गरिएको छ । मनोविश्लेषणवादी जोन लँकाका विचारमा स्वैरकल्पना आदिम अचेतनको रूप र व्यक्तिको विकृत कल्पना हो र यो इच्छाको अभिव्यक्ति, चेतन प्रेरणाको अस्वीकार वा प्रतिक्रिया निर्माण पनि हो (लकाँ, सन् २००६, पृ.६९९) । यस कथामा मूलतः लाटीको मनोविज्ञान प्रस्तुत गरिएको छ । कथाको आरम्भमा पाठकको मनमा सहानुभूति जगाउँछ । जब लाटीको कथा सुरु हुन्छ, अनि त्यसले एकैचोटि डरत्रास, आक्रोस, द्वन्द्व आदिमा मानसिक परिवर्तन उब्जाएको छ । बाहिरी समाजको कुरा छोडौँ, रक्षक नै भक्षक बनेको सन्दर्भमा जिउँदो हुँदा लाटीले स्वयम् आफ्नै बाबुको यौनलिप्सा र क्रुरताको सिकार बन्नु परेको यथार्थ हो । यस समाजका पुरुषले उसका विवशताका फाइदा उठाई निरन्तर शोषण गरेर मार्नुको कारण र पितृसत्ताका दम्भप्रति बारम्बार उठाएका प्रश्न केवल लाटीको मात्र होइन, यो त उत्पीडन, अन्याय, शोषणमा परेर दबिएका, ज्यान गुमाएका आम सर्वसाधारणको मनोदशाको प्रकटीकरण हो । त्यस्तै कथाको अर्को दृष्टिविन्दु पात्र रमणका मानसिकताका अनेक अवस्थाले पनि अर्थमा अस्थिरता ल्याएको छ । तर कथामा एउटै व्यक्तिलाई भिन्न भिन्न भूमिका र मनोदशामा देखाउनुले भावनात्मक बहुलता देखिएको छ । पात्रलाई जीवितमा लाटी वा मौन र पीडित तर मरेपछि कतै प्रेत, कतै बाचाल, आक्रोसित, विद्रोही, अपराधी र प्रतिशोधीका रूपमा प्रस्तुत गरिएकाले मनोवृत्तिका दृष्टिले भिन्नता र अर्थमा बहुलताका कारण विनिर्माणिक प्रभाव पनि रहेको छ ।

## अन्त्यको बहुअर्थ वा खुलापन

'अलिखित कथा'लाई समापनका दृष्टिले खुला पाठ बनाइएको छ । यसको आरम्भ जसरी भयानक शङ्कास्पद घटनाबाट भएको थियो, त्यसैगरी समापन पनि अर्को शङ्कास्पद घटनामै भएको छ । एउटा कथाको रहस्योद्घाटनपछि फेरि रामबिलासको अर्को कथा श्रृङ्खला थपेर कथालाई पुनः संशयमा राख्ने प्रवृत्तिले संरचना र अर्थ दुवैमा विनिर्माण भएको छ । यसको अर्थ यस्ता आपराधिक घटनाको बारम्बार पुनरावृत्ति किन भइरहेछ ? के प्रतिशोध जारी छ ? अर्को आत्मा सक्रिय हुन किन बाध्य भयो ? के एकल प्रभुत्ववादी संरचनाले नयाँ–नयाँ अपराध जन्माएको हो ? कि लाटीको कथा पुनः दोहोरिएको हो ? कथाले यी प्रश्नहरूको कुनै निश्चित र प्रस्ट जवाफ दिँदैन । माथिका प्रश्नको कथाले यहाँ एउटा सिधा उत्तर दिदैन, यसमा बहुल अर्थका सम्भावना खुला छ । यसरी विनिर्माणिक कोणबाट यो कथा अपूर्ण, खुला पाठमा परिणत भएको छ ।

## निष्कर्ष

उपर्युक्त अध्ययनबाट 'अलिखित कथा' समाजमा घटित हुने तर दबिएर रहेका विषयलाई उत्खनन गरिएको छ । यसका लागि स्वैरकल्पनालाई आधार बनाई त्यसका माध्यमबाट परम्परागत मूल्य तथा सामाजिक सम्बन्धका केन्द्रमाथि प्रश्न खडा गरिएको छ । कथामा सामाजिक समस्या, विकृति विसङ्गति र दण्डहीनतालाई प्रस्तुत गर्नका लागि स्वैरकल्पनाको प्रयोग गरिएको देखिन्छ । प्रस्तुत कथामा स्वैरकल्पना केवल आख्यानात्मक सौन्दर्यको उपकरण होइन, यो विनिर्माणको अर्थ उत्पादनको प्रमुख माध्यम पनि बनेको छ । स्वैरकल्पनाले कथामा मृत अस्तित्वको सक्रियता र पात्रको रूपान्तरण गरी पीडित र पीडकको द्विचरविरोध भञ्जन भएको छ । यसमा अपराध र न्यायको परिभाषा उल्टिएको छ । कथाभित्रको यथार्थ र अलौकिक भन्ने द्विचरविरोध तोडिएको छ। यसले शक्ति संरचनाको पुनर्लेखन गरेर कथाको अन्त्यलाई बहुअर्थी बनाएको छ । त्यस्तै भाषा र संरचनालाई अपरम्परित बनाएको छ । उल्लिखित यी सबै विनिर्माणका प्रक्रिया रहेका हुनाले यो कथालाई स्वैरकल्पनाबाट विनिर्मित कथाका रूपमा देखाएको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४). संक्षिप्त साहित्यिक शब्दकोश. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गिरी, मधुसूदन (२०५९). स्वैरकल्पना र नेपाली कथामा यसको प्रयोग. *समकालीन साहित्य–*४५ (समालोचना विशेषाङ्क) । पृ. ७१–९७ ।

ज्ञवाली, विष्णुप्रसाद (२०७८). *नेपाली विज्ञान कथामा स्वैरकल्पना* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. ।

बराल, कृष्णहरि (२०५९) आधुनिक कथामा लोक कथाको भूमिका. *समकालीन साहित्य–*४५ (समालोचना विशेषाङ्क) । पृ. ५३–७०

बराल, कृष्णहरि (२०६७). मिथक र साहित्य. *रत्न वृहत समालोचना* (सैद्धान्तिक खण्ड)। रत्न पुस्तक भण्डार । पृ. १७४–१८३

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* क्वेस्ट पब्लिकेसन ।

श्रेष्ठ सागर, राजुबाबु (२०८२). *फिर्दोसको साँचो*. इन्डिगो इन्क ।

Baldik, chirs. ( 2001). *Oxford dictionary of literary terms*. Oxford University press.

Colman, A.M. (2001), *Oxford dictionary of phycology*. Oxford University press.

Derrida, J. (1976). *Of Grammatology*. Gayatry Chakravorty Spivak (Trans.), The Johns Hopkins University Press.

Forster, E.M. (1988). *Aspects of the Novels*. Roseta books LLc.

Lacan, J. (2006). *Ecrits: A selection* (A. Sheridan, Trans.). UK & USA : Routledge.

Manlov, C.N. (1975). *Modern Fantasy*. Cambridge University Press.

Scholes, R. & others. (1997). Elements of Fiction. In Robert Scholes & other *Elements of Literature*. ($4^{th}$ ed.). Delhi : Oxford University Press. Pp. 221-522